गाउँपालिकाका अध्यक्ष श्री झम्कनाथ नेपालले ईन्द्रावती
गाउँपालिकाको गाउँसभाको १० औं अधिवेशनमा
प्रस्तुत गर्नु भएको

# आ.व.२०८३/०८४ को बार्षिक
# नीति तथा कार्यक्रम

## इन्द्रावती गाउँपालिका

गाउँसभाको सचिवालय
नवलपुर, सिन्धुपाल्चोक
२०८३

**सभाका सदस्यज्यूहरु, उपस्थित महानुभावहरू**

सभाका सम्पूर्ण  सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँपालिकाका विषयगत शाखा प्रमुखहरु, स्वास्थ्य संस्थाका इन्चार्ज तथा स्वास्थ्यकर्मीहरु, वडासचिबहरु तथा सबै कर्मचारीहरु, सुरक्षा निकायका राष्ट्रसेवक कर्मचारी, उपस्थित पत्रकार तथा गाउँपालिकाबासी आदरणीय आमाबुबा, दाजुभाई, दिदिबहिनीहरु र उपस्थित महानुभावहरु।

१. म ईन्द्रावती गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भई गाउपालिकाको भूगोल, जनभावना, बिकास प्रतिको धारणा, सँस्कृति र सामाजिक पृष्ठभूमि  तथा सुखी नेपाली सम्मृद्ध नेपालको राष्ट्रिय आकाँक्षालाई हृदयंगम गर्दै सम्मृद्ध ईन्द्रावतीको हाम्रो चाहना अभिब्यक्त हुनेगरी बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउदा हामीलाई खुशी लागेको छ ।

२. लोकतन्त्रका आधारभूत मूल्य र मान्यताको सम्मान मानव अधिकारको संरक्षण तथा सुशासन र पारदर्शीताप्रति हाम्रो प्रतिबद्धता सहित दिगो बिकासका लक्ष्यहरु आत्मसात गर्दै आगामी आर्थिक बर्ष २०८३/०८४ नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । यस महत्वपुर्ण घडिमा नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता, स्वाधीनता, नागरिक अधिकार र लोकतन्त्र प्रप्तिका बिभिन्न कालखण्डका अभियानमा सहभागी भई नेतृत्व प्रदान गर्ने हाम्रा अग्रजहरु एवं शाहदात हुनु भएका अमर सहिदहरु र ईन्द्रावतीको सम्बृद्धिमा  योगदान पुर्याउनु हुने अग्रजहरुप्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

३. स्थानीय सरकारप्रतिको बढ्दो नागरिक अपेक्षा, २०८२ भाद्र २३ र २४ को जेन्जी बिद्रोह तथा फाल्गुन २१ को निर्बाचन पश्चात बदलिएको समग्र राजनैतिक परिस्थिती, विभिन्न कारणले विश्वव्यापी रुपमा भईरहेको आर्थिक मन्दिका कारण विकास निर्माणका क्रियाकलापमा पुग्न गएको क्षति, न्यून स्रोत, रोजगारीका सीमितताका बीचबाट माथि उठ्दै उपलव्ध स्रोत साधनलाई कुशलतापूर्वक परिचालन गर्ने विषय चुनौतीपूर्ण रहँदा रहँदै पनि गाउँपालिकाप्रति गाउँवासीहरुको सद्भाव , विकास र सम्मृद्धिप्रति गाउँपालिकावासीहरुको उत्कृष्ट चाहनाको परिणामस्वरुप पालिकाको गुणात्मक परिवर्तन ल्याउँन सकिने कुरामा म पूर्ण विश्वस्त छु । पछिल्लो समयमा बदलिएको परिस्थितीका कारण जनमूखी तथा प्रभावकारी नीति तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न हामीलाइ थप जिम्मेवारी महशुस भएको छ ।

४. प्रस्तुत नीति तथा कार्यक्रम, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय नीतिहरु, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम तथा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गदर्शन एवं योजना, गाउँपालिकाको आवधिक योजना, त्रिवर्षिय खर्च संरचना र योजना तर्जुमाको क्रममा विभिन्न तहबाट प्राप्त हुन आएका सल्लाह, सुझाव र सिकाईका आधारमा आगामी आ.व को लागि नीति तथा कार्यक्रम तयार गरिएको छ । प्रस्तुत नीति

कार्यक्रम र यसका आधारमा बन्ने बजेट कार्यान्वयनबाट गाउँपालिकाले लक्षित गरेका उद्देश्यहरु हासिल गर्न सघाउ पुग्नुका साथै समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्दै ईन्द्रावती बासीको शान र गौरव वृद्धिमा समेत सहयोग पुग्ने विश्वास लिएको छु ।

**सभाका सदस्यज्युहरु**, म अब प्रस्तुत नीति, कार्यक्रमका उद्देश्यहरु प्रस्तुत गर्ने अनुमती चहान्छु ।

क) नागरिकका आवश्यकता, चाहना र मागलाई ध्यानमा राख्दै अत्यावश्यक पूर्वाधारहरुको प्रवन्ध मिलाउने ।

ख) उपलब्ध स्रोत, साधन  र अवसरको उच्चतम परिचालन गरी "**सुखी र खुशी ईन्द्रावतीवासी, सम्मृद्धिका लागि विकासमा लिन्छौं तीब्र गति**" भन्ने मान्यताका साथ आर्थिक, सामाजिक र मानवीय संशाधनको विकास गर्ने ।

ग) वातावरणीय प्रभाव मुल्यांकन गरी वातावरण अनुकुलन दिगो विकासको अवधारणाका आधारमा ठुला पुर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने ।

घ) गुणस्तरीय शिक्षा, गुणस्तरीय स्वास्थ्य र प्रभावकारी सेवा प्रवाहको मान्यतालाई कार्यन्वयन गर्ने ।

यिनै सम्भावना र चुनौति बीच आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गरेको छु ,जसको लक्ष्य आर्थिक, सामाजिक विकास सहित ईन्द्रावती गाउँपालिकालाई सम्मृद्ध बनाउनु रहेको छ ।

**सभाका सदस्यज्युहरु,**

माथिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु  देहाय अनुसार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

१) स्थानीय आवश्यकता र प्राथमिकता

२) पुर्वाधार र स्रोतको उपलब्धता

३) स्थानीय विकास योजना

४) राष्ट्रिय तथा प्रादेशिक  र नीतिहरूसँग समन्वय, राष्ट्रिय विकास नीति, मध्यमकालीन खर्च संरचना (MTEF), सरकारका दीर्घकालीन लक्ष्यहरू (जस्तै : दिगो विकास लक्ष्यहरू)

५) समावेशीता र दिगोपन

६) पारदर्शिता, जवाफदेहिता र सुशासन

**सभाका सदस्यज्युहरु,** अब म यस वर्षको नीति तथा बजेटको प्राथमिकताहरु क्षेत्रहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) पूर्वाधार विकास

ख) सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) ।

ग) आर्थिक विकास, कृषि तथा पशुपालनको आधुनिकीकरण तथा ब्यावसायीकरण, पर्यटन विकास, उद्योग, उत्पादन उत्पादकत्व, आयआर्जन तथा रोजगारी सृजना ।

घ) सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाह, सामाजिक न्याय तथा सामाजिक सुरक्षा र सूचना प्रबिधि ।

ङ) वन वातावरण तथा बिपद् ब्यवस्थापन ।

च) दिगो विकास लक्ष्य ।

अब म क्षेत्रगत नितीहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## पूर्वाधार विकास

१) ईन्द्रावतीको चक्रपथ रुट कायम गरी घोषणा गरिनेछ ।

२) अधुरा रहेका वडा कार्यालय भवनहरु निर्माण तथा मर्मत सम्भार सम्पन्न गरिने छ ।

३) **"हाम्रो सडक राम्रो सडक अभियान"** अन्तर्गत सडकहरुलाई स्तरोन्नती गरिनेछ । तोकिएको मापदण्ड अनुरुप उत्कृष्ट कार्य गर्ने उपभोक्ता समिति, निर्माण ब्यवसायी र महिला मात्र रहेको उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

४) सडक मर्मत संभार कोषलाइ प्रभावकारी बनाइनेछ ।

५) गाउँपलिकाको WASH PLAN कार्यान्वयनलाइ प्रभावकारी बनाइनेछ ।

६) हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सम्वन्धित वडा कार्यालयको समन्वयमा पालिकाका निर्माण कार्य सम्पन्न भएका मुख्य सडकका दायाँ बायाँ वृक्षारोपण गरिनेछ ।

७) गाउँपालिका भित्रका मुख्य सडकका चोक र बजार क्षेत्रमा बिद्युत एवं वैकल्पिक उर्जा मार्फत "उज्यालो सडक" कार्यक्रम कार्यन्वयन गरिनेछ ।

८) कृषि सडकहरुको निर्माण, मर्मत तथा स्तरोन्नती गर्ने कार्य प्राथमिकताका साथ गरिने छ।

९) एक वडा एक पालिका समपुरक योजनाको अबधारणा कार्यान्वियनलाई निरन्तरता दिइनेछ ।

१०) गाउँपालिका भित्रका एकै प्रकृतिका योजनाहरुको संयुक्त लागत अनुमान तयार पारी प्रतिस्पर्धात्मक खरिद बिधि मार्फत योजना सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

११) बैकल्पिक उर्जाका प्रविधि विस्तार गर्ने नीति लिइनेछ ।

## सिचाईं

१) कृषि पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागितामा आधारित सिँचाई कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

२) संघ, प्रदेश तथा स्थानीय सरकारको सह लगानीमा सञ्चालन हुने बृहत सिचाई आयोजनाका साथै पालिकास्तरबाट सञ्चालन हुने साना सिचाई कार्यक्रमलाई समेत प्राथमिकतामा राखिनेछ ।

३) सिचाइ सुविधा कम भएका स्थानहरुमा कृषि क्षेत्रहरुमा डिप बोरिङ गरी सिचाइ सुविधा विस्तारलाई निरन्तरता दिइनेछ ।

४) साना तथा थोपा सिंचाइ, फिरफिरे सिंचाइ, आकासेपानी संकलन, संरक्षण, नवप्रवर्तनमा प्राथमिकता दिइनेछ ।

**खानेपानी तथा सरसफाई**

१) गाउँपालिकाका सबै वडाहरुमा स्वच्छ खानेपानी सुबिधा पुर्याइनेछ ।

२) पालिकाकै गौरवको रुपमा रहको ईन्द्रावती बृहत खानेपानी आयोजनाको कामलाई यथासक्य चाँडो सम्पन्न गर्न लगाइनेछ ।

३) ईन्द्रावती गांउपालिकालाई पूर्ण सरसफाई युक्त पालिका बनाइनेछ ।

४) फोहोरमैला ब्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५) खानेपानीका मुहान, जलाधार क्षेत्र तथा सीमसार क्षेत्रको संरक्षण गरिनेछ ।

**कृषि तथा पशुपालन**

१) समुदायमा आधारित जंगली जनावर ब्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यबस्थाको लागि तहगत सरकारसँग समन्वय गरिनेछ ।

२) कृषि तथा पशुपालन पकेट क्षेत्रको रुपमा घोषणा गरी सो अनुसारका कार्यक्रम लागु गरिने छ ।

३) आवश्यक रासायनिक मल, उन्नत बीउविजन तथा आधुनिक उपकरणहरु वितरण तथा सोमा अनुदानको व्यवस्था गरिने छ ।

४) प्राङ्गारिक खेती प्रणलीलाइ प्रोत्साहित गरिने छ ।

५) स्थानीय भूमि बैंक स्थापना गरि उक्त बैंक मार्फत जग्गा प्राप्ती तथा उपयोगको प्रकृया थालिने छ ।

६) एक वडा, एक उत्पादनको नीतिलाई प्राथमिकता दिईनेछ ।

७) लागत साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालन गर्ने ब्यवस्था गरिनेछ ।

८) कृषि औजार उपकरण मर्मत केन्द्र स्थापन गर्न सहयोग गरिनेछ ।

९) उच्च मुल्यको बाली खेती प्रर्वद्धन कार्यक्रमलाइ प्राथकिता दिइनेछ ।

१०) ब्यावसायिक फलफुल खेतीलाइ प्रोत्साहित गरिनेछ ।

११) कृषि उपज संकलन केन्द्रलाई सञ्चालनमा ल्याउन बिशेष पहल गरिनेछ ।

१२) पशुमा कृत्रिम गर्भाधान तथा पशुपँक्षी नश्ल सुधार कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१३) घरपालुवा तथा सामुदायिक छाडा कुुकुरहरुमा निशुल्क रेबिज बिरुद्धको खोप सेवा सञ्चालन गरिनेछ । सामुदायिक छाडा कुकुरहरुमा निशुल्क बन्ध्याकरण शिबिर सञ्चालन गरी रेबिज रोगको नियन्त्रण गरिनेछ ।

१४) आधारभुत प्रयोगशालाको ब्यवस्थापन गरी रोगको पहिचान तथा उपचार सेवाको प्रवन्ध गरिनेछ ।

१५) खाद्यान्न वालीको बिउ उत्पादन प्रोत्साहन तथा रैथाने बालीका लागि प्रोत्साहन गरिनेछ ।

१६) कृषि मेला तथा साँस्कृतिक प्रवद्र्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी तथा गरिबी निवारण**

१) सहकारी संस्थाहरुलाई कोपोमिस प्रणालीमा अनिवार्य आवद्ध गर्नका लागि क्षमता अभिबृद्धि गरिनेछ ।कोपोमिस प्रतिबेदनको अध्ययन गर्दै बचतकर्ताको बचतको सुनिश्चतता गर्न आवश्यक अनुगमन कार्यलाइ प्रभावकारी बनाइनेछ ।

२) सहकारीका उत्पादनहरुको लेबलिङ, ब्राण्डिङ गरी त्यस्ता सामाग्रीहरुको बजारीकरणका लागि प्रदर्शनी मेला आयोजना गर्न सहयोग गरिने छ । उत्कृष्ट उत्पादनमा आधारित सहकारीलाई पुरस्कृत गरिनेछ ।
३) सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
४) समान उदेश्य भएका सहकारीहरुलाइ मर्ज गर्ने, प्रभावकारी रुपमा सञ्चालन भैरहेका सहकारीहरुलाई प्रवद्र्धन गर्ने र नियमानुसार सञ्चालन नभएका सहकारीहरु खारेज गर्ने नीति अबलम्बन गरिनेछ ।
५) सीपमूलक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी स्थानीय समुदायको आर्थिक अवस्था सुधार गर्न सहयोग गरिनेछ ।

**घरेलु, साना, उद्योग तथा उद्यम विकास**

१) उद्योग निर्माणमा त्रिपक्षीय साझेदारी (प्राइभेट, पब्लिक र सहकारी क्षेत्र) लाई प्रोत्साहन गरिनेछ ।
२) स्थानीय सिपलाई आधुनिकिकरण र व्यावसायिकरण गर्न स्थानीय सिपमा आधारित र श्रम मुलक घरेलु तथा साना उद्योगहरुको व्यवस्थापन क्षमता विकास र प्रवर्द्धन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।
३) परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बद्र्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ ।
४) महिला उद्यमीहरुको पहिचान र विकासका लागि विभिन्न शिपमुलक तालिमका साथै बीउपूँजी अनुदान र प्रविधि हस्तान्तरण गरिनेछ ।
५) लप्सी, अदुवा, बेसार तथा अन्य नगदेबाली प्रवर्द्धन मार्फत स्वरोजगारमा बृद्धि गरिनेछ ।
६) व्यवसायिक रुपमा जडिवुटी उत्पादन, प्रशोधन, वजारीकरण गर्ने उद्यमी र किसानहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

**पर्यटन विकास**

१) पर्यटकीय गुरुयोजना तयार भैसकेको क्षेत्रहरुमा क्रमशः प्राथमिकताका आधारमा संरचनाहरु बनाउन सुरु गरिनेछ ।
२) पालिकाका ऐतिहासिक तथा धार्मिक क्षेत्रहरुमा पर्यटन महोत्सव आयोजना गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
३) पालिकाका प्रमुख कार्यक्रम मार्फत प्रसिद्ध पुरातात्विक महत्वका मठ, मन्दिर, गुम्बा तथा चर्चहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ ।
४) पालिकाका बिभिन्न मठ मन्दिर तथा क्षेत्रमा लाग्ने बिशेष जात्रा तथा पर्बहरुको प्रचार प्रसार गरिनेछ ।
५) यस गाउँपालिकामा बसोबास गर्ने अति सीमान्तकृत आदिबासी जनजातिहरुको भाषा, संस्कृति प्रवर्धन गरिनेछ ।
६) गाउँपालिका भित्र कोशेलीघर स्थापना गरी स्थानीय उत्पादन तथा रोजगारीलाई प्रोत्साहित गरिनेछ ।
७) गाउँपालिका भित्र साहसिक पर्यटनको सम्भावनाको अध्ययन गरी विकास गरिने छ ।

**वन, बातावरण तथा विपद् व्यवस्थापन**

१) वृक्षारोपण र वन संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२) ऐलानी, पर्ती, सार्बजनिक जग्गाको संरक्षण गरिनेछ ।

३) बिपद व्यबस्थापनका लागि बिभिन्न संघ संस्थासंगको सहकार्यमा संकटापन्न क्षेत्रमा बसोबास गर्ने तथा बाढी, पहिरो पिडित तथा विस्थापित परिवारलाई स्थानान्तरण वा पुर्नस्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४) बिपदबाट प्रभाबित परिवारलाई राहत तथा उद्दार कार्यक्रमलाइ प्रभावकारी बनाइनेछ ।

५) विपद् व्यवस्थापनमा युवाहरुलाई परिचालन गरिनेछ ।

६) वडास्तरीय बिपद् ब्यवस्थापन समितिको क्षमता विकास गरिनेछ ।

७) गाउँपालिका भित्र हरियाली प्रवर्द्धन, वृक्षारोपण तथा वन विस्तार एवं वातावरणमैत्री बनाउन जोड दिईनेछ ।

८) विपद् ब्यवस्थापनलाई सहज बनाउन गाउँपालिका विपद् ब्यवस्थापन कोषलाई प्रभावकारी बनाइने छ ।

९) मानवजन्य क्रियाकलापबाट सृजना हुने बिपद्लाइ न्यूनिकरण गर्न आवश्यक नीति बनाइ कार्यान्वयन गरिने छ ।

१०) बिपद् ब्यवस्थापनका लागि गैर सरकारी संस्थाहरुको समन्वयमा आपत्कालिन आश्रय स्थल निर्माण गरी सञ्चालन गरिनेछ ।

११) दिनप्रतिदिन बन जंगलमा बढीरहेको डढेलो नियन्त्रणका लागि नयाँ प्रबिधिको प्रयोग गरि डढेलो नियन्त्रणमा बिशेष काम गरिनेछ ।

१२) साझेदार संस्थाहरुको समेत सहयोगमा मौसम पूर्वानुमान, पूर्वसूचना तथा जोखिम लेखाजोखा सम्बन्धी र HI-WAT तालिम सञ्चालन गरिनेछ ।

१३) पालिका भित्र बजार, घर, तथा सार्वजनिक स्थलहरुमा हुने फोहरलाई कुहिने र नकुहिने छुट्टयाई ब्यबस्थापन गर्ने र सार्वजनिक स्थलहरुमा फोहर जलाउने पिटहरु निर्माण गरिनेछ ।

१४) जलवायुसंग अनुकुलन हुने बनस्पति पहिचान गरी बृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५) पालिकका नागरिकले बाहिर गइ प्राप्त गरेको ज्ञान, सीप र पूँजीलाइ जलवायुमैत्री तथा उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गरिनेछ ।

१६) इन्द्रावती गाउँपालिकाभित्र बर्षौ देखि ऐलानी जग्गा भोगचलन गर्दै आएका धनी पुर्जा नभएका इन्द्रावती नदी किनारका भुमिहिन दनुवार, माझी तथा अन्य जातजातीका किसानहरुलाइ आवश्यक प्रक्रिया पुरा गरि जग्गाधनी प्रमाणपुर्जा वितरण गर्न तहगत सरकारसँग पहल गरिनेछ ।

**शिक्षा**

१) शिक्षामा सवैको पहुँच कार्यक्रम सञ्चालन गरी विद्यालयभन्दा बाहिर कोही पनि वालबालिका नरहने कुरालाई सुनिश्चित गरिनेछ ।

२) अनिवार्य तथा निःशुल्क शिक्षा पूर्ण रुपमा सुनिश्चितता गरिनेछ ।

३) विद्यालयको भौतिक पूर्वाधार सुधार, शुद्ध खानेपानी, फर्निचर ब्यवस्थापनमा प्रभावकारी बनाइनेछ ।

४) आधारभूत तहका विद्यार्थीले पाउँदै आएको दिवा खाजाको कार्यक्रमको अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

५) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

६) उत्कृष्ठ विद्यालय, शिक्षक तथा उत्कृष्ठ अंक प्राप्त गर्ने छात्रछात्रालाई पुरस्कृत गरिनेछ ।

७) विद्यालयहरुमा स्काउट, बाल क्लवको स्थापना र परिचालन गर्ने नीति लिइनेछ ।

८) सामुदायिक पुस्तकालय तथा अध्ययन केन्द्र स्थापना गरी सञ्चालनको व्यवस्था मिलाइने छ । विद्युतीय पुस्तकालयको स्थापना र सञ्चालनमा विशेष जोड दिइने छ ।

९) समायोजनमा गएका विद्यालयहरुको भवन तथा सम्पत्ति संरक्षण गरिने छ ।

१०) गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसंग गरिने कार्यसम्पादन मुल्याँङकन प्रणलीलाई थप प्रभावकारी बनाइनेछ ।

११) १२ कक्षासम्म अध्ययन गर्ने छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउँने व्यवस्थालाइ निरन्तरता दिइने छ । स्यानिटरी प्याडको नष्ट गर्ने आवश्यक प्रवन्ध मिलाइने छ । सबै विद्यालयलाई बालमैत्री विद्यालयका रुपमा विकास गर्ने नीति लिइनेछ ।

१२) समायोजनमा गई दुरीका कारण विद्यार्थीले बीचैमा पढाई छोड्ने वातावरण अन्त्य गरिनेछ ।

१३) स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्नका लागि स्थानीय पाठ्यक्रममा आवश्यक सुधार र परिमार्जन गर्दै लगिने छ ।

१४) विद्यालय अनुगमन तथा मुल्याँकन पद्धतिलाई प्रभावकारी बनाई गुण र दोषका आधारमा प्रोत्साहन, पुरस्कार, दण्ड तथा सरुवाको नीति लिइनेछ ।

१५) नेपाल भाषा तथा तामाङ भाषालाई स्थानीय पाठ्क्रममा समाबेश गर्दै जाने नीति लिइनेछ ।

१६) स्थानीय पाठ्यक्रममा जलवायु अनुकुलन, आप्रवासन र सामाजिक विषयवस्तु समावेश गरिनेछ ।

१७) उत्कृष्ट MGML कार्यक्रम सञ्चालन गर्ने बिद्यालयलाई पुरष्कृत गरिने कार्यलाइ निरन्तरता दिइनेछ ।

१८) विद्यालयहरुमा वर्षादको पानी संकलन, प्रशोधन गरी उपयोग गर्न सहयोग गरिनेछ ।

१९) दाता निकायहरुको सहयोगमा सामुदायिक बिद्यालयहरुमा समाबेशी सामुदायिक विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२०) संस्थागत विद्यालय संञ्चालन, ब्यवस्थापन तथा नियमन सम्वन्धी कार्यबिधि बनाई कार्यान्वयन गरिनेछ ।

## युवा तथा खेलकुद

१) पालिकाको ईन्द्रावती रंगशालाको स्तरोन्नती गरिनेछ ।

२) युवा लक्षित स्वरोजगारमूलक, सीपमूलक र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३) अन्य पालिका, जिल्लास्तर तथा राष्ट्रियस्तरका खेलकुदका प्रतियोगिताहरुमा सहभागी हुन चाहने खेलाडीहरुलाइ प्रोत्साहन गरिनेछ ।

४) पालिकास्तरमा कम्तीमा एक कवर्ड हल, खुला ब्यायामशाला तथा योग साधना केन्द्रको निर्माण गरी सञ्चालनमा ल्याइने छ । १२ वटै वडामा खेलकुद मैदान क्रमशः निर्माण गर्दै जाने नीति लिइनेछ ।

५) ईन्द्रावती गाउँपालिका युवा परिषद् गठन गरि युवा लक्षित कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिने छ ।

६) राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषद् संगको सहकार्य र समन्वयमा नमुना युवा संसद सम्वन्धी अभ्यास गरिने छ ।

७) युवाहरुमा रोजगारीको अवसर वृद्धि गर्नका लागि गाउँपालिकाको केन्द्रमा सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्न सहयोग गरिने छ ।

८) युवा क्लवहरुको गठन र परिचालनमा विशेष सहयोग पुर्याइने छ ।

९) युवाहरुलाई क्षमता विकासका साथै आयआर्जनमुलक कार्यमा जोड्न पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) खेलकुदलाई व्यवसाय बनाउँन चाहने युवाहरुका लागि खेलकुद प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य**

१) सबै स्वास्थ्य सस्थामा खानेपानी, तथा शौचालय, प्रतिक्षालय आदिको व्यवस्था गरी वातावरणमैत्री तथा विरामीमैत्री स्वास्थ्य संस्था बनाईने छ ।

२) महामारीबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमप्रति पूर्व तयारीलाई प्राथमिकता दिइनेछ।

३) आमाहरुको प्रसुती स्वास्थ्य संस्थामा गराउने सुनिश्चितताका लागि महिलाले दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा नेपाल सरकारले उपलव्ध गराएको रकममा थप सहयोगलाई निरन्तरता दिइनेछ ।

४) पोषणका लागि **"संस्थामा अण्डा घरघरमा झण्डा"** कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

५) समुदाय, ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाति तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा घरदैलो कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

६) शिघ्र कुपोषणको चपेटामा परेका बालबालिकाको पहिचान गरी निःशुल्क उपचारको व्यबस्था मिलाईने छ ।

७) स्वास्थ्य परीक्षण शिविर, आँखा शिबिर र महिला स्वास्थ्य शिबिर सञ्चालनलाई निरन्तरता दिइनेछ ।

८) गाउँपालिकामा रहेका एम्बुलेन्सहरुको नियमन, व्यवस्थापन र सञ्चालनका लागि एम्बुलेन्स व्यवस्थापन समिति निर्माण गरी व्यवस्थित गरिनेछ ।

९) गाउँपालिकामा सञ्चालित आयुर्बेद केन्द्रलाइ थप क्षमता अभिबृद्धि गरिनेछ । खुला ब्यामशालालाई थप स्थानमा बिस्तार गरिनेछ ।

१०) दुर्घटनाबाट हुने मानवीय क्षति न्युनिकरण गर्न सबै स्वास्थ्य कर्मीलाई primary trauma care तालिमको प्रबन्ध मिलाइने छ ।

११) बालमैत्री, पोषणमैत्री तथा किशोर किशोरीमैत्री स्वास्थ्य संस्था निर्माण गर्ने नीति लिइनेछ । पोषणमैत्री पालिका घोषणका लागि आवश्यक कार्य गरिनेछ ।

१२) प्रत्येक स्वास्थ्य संस्थामा ६/६ महिनामा MSS गरि MSS मा तोकिएका सबै बिषयहरु पुरा गर्दै लगिनेछ ।

१३) Home delivery free गर्न पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी गराउन एक तर्फी एम्बुलेन्स खर्च पालिकाबाट व्यहोरिने छ । क्षयरोग तथा औलो मुक्त अभियानलाई विशेष प्राथमिकत्ता दिई कार्यक्रम संचालन गरिने छ ।

१४) हरेक स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पोषण कर्नर र स्तनपान कक्ष स्थापना गरिने छ ।

**बस्ती तथा शहरी बिकास**

१) भूमिहीन सुकुम्वासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोबासीको लगत संकलन, जग्गा पहिचान तथा जग्गा नापजाँच कार्यलाई निरन्तरता दिई भूमिहीन सुकुम्बासीलाई पुर्जा वितरण गरिनेछ ।

२) भू उपयोग नीति तयार पारी ब्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गरिनेछ ।

३) जोखिम वस्तिहरुको पहिचान गरी त्यस्ता वस्तिहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य संघीय सरकार प्रदेश सरकार र गाउँपालिकाको सहकार्यमा गरिनेछ ।

**श्रम तथा रोजगार**

१) बेरोजगारको सूचीकरणलाई थप ब्यवस्थित र प्रबिधिमैत्री बनाइनेछ । सुचिकृत ब्यक्तिहरुका लागि सीपमूलक तालिम तथा उद्यमशिलताको लागि आवश्यक सहयोग गरिनेछ । बैदेशिक रोजगारीबाट फर्किएका ब्यक्तिहरुको सीप, क्षमता तथा अनुभव उपयोग गरी आयआर्जन तथा स्वरोजगार बन्न आवश्यक सहयोग गरिनेछ ।

२) सीप बिकास तथा आयआर्जन कार्यक्रम सञ्चालन मार्फत स्वरोजगार सृजनाका कार्यक्रम सञ्चालन गरिनेछ ।

३) **"श्रमको सम्मान राष्ट्रको अभियान"** कार्यक्रम सञ्चालन गरि सफल तथा उदाहरणीय उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

४) बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा संचालन गरिनेछ ।

५) युवा लक्षित रोजगारीका अवसरहरुको सृजना गर्न प्राथमिकता दिइने ।

६) रोजगारीको शिलशिलामा बिदेशमा मृत्यु भएका ब्यक्तिको परिवारलाई पालिकाको तर्फबाट राहत स्वरुप आर्थिक सहायता प्रदान गरिनेछ ।

**सूचना प्रबिधि तथा सञ्चार**

१) सार्बजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधि प्रत्यक्ष  रेडियो सवाद कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामजिक सञ्जाल लगायत बिबिध प्रबिधिलाई प्रभावकारी बनाईनेछ ।

२) पालिकाको सूचना प्रवाहका लागि एकद्वार प्रणाली अपनाइनेछ । सूचना अधिकारी मार्फत जानकारी गराई सूचना अदानप्रदानलाई प्रभावकारी बनाईनेछ ।

३) पालिकामा बन्न बाँकी रहेका ऐन नियमावली कार्यबिधिहरु बनाइ अद्यावधी गरिनेछ ।

४) सूचनाको हकको प्रत्याभूति गराउँदै गाउँपालिका भित्र एक बिद्दुतीय सूचना केन्द्रको स्थापना गिरनेछ ।

५.ईन्द्रावती एप निर्माण कार्य सम्पन्न गरी सूचना तथा सेवा प्रवाहमा प्रभावकारिता ल्याइनेछ ।

६.पालिकाको सेवा प्रवाहलाई प्रबिधिमैत्री बनाउँदै वडा तथा पालिकालाई प्रबिधिमैत्री बनाउँदै लागिनेछ ।

**सामजिक सुरक्षा तथा पञ्जीकरण**

१) सबै प्रकारका व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुर्याइनेछ ।

२) प्रत्येक वडामा ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता बितरणलाई व्यवस्थित बनाउन वडा सचिव तथा सम्बन्धित कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्यलाइ निरन्तरता दिँदै लाभग्राहीको गुनासो समयमै दर्ता र फछ्यौट गरिनेछ ।

३) पालिकामा अति विपन्न परिवार सुविधाबाट वञ्चित तथा अशक्त व्यक्तिहरुको लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

४) सामाजिक सुरक्षा तथा पञ्जीकरण कार्यलाई नेपाल सरकारले व्यवस्था गरे अनुरुप पूर्ण प्रविधिमैत्री बनाइनेछ ।

५) राष्ट्रिय परिचयपत्र दर्ता तथा बितरण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ब्यवस्था मिलाइनेछ ।

६) गाउँपालिकाबाट नेपाल भित्र अन्य स्थानमा गइ बसोबास गरेका कुनै नागरिकको मृत्यू भइ अन्तिम दाहसंस्कार जन्मथलोमै गर्न चाहेमा सम्वन्धित ब्यक्ति बसेको स्थानबाट जन्मथलोसम्म शब ढुवानी गर्ने ब्यवस्था गरिनेछ ।

**न्याय निरुपण र मेलमिलाप**

१) न्यायिक कार्यसम्पादनलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो रुपमा समाजमा हुने विवादलाई सहजिकरण तथा समाधानको लागि न्यायिक समितिको अधिकारक्षेत्रको  प्रयोग गरीनेछ ।

२) सबै वडा कार्यालयमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

३) न्यायीक समिति, मेलमिलापकर्ता तथा बहुसरोकारवाला बिबाद समाधान गर्न मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्दि गरिनेछ ।

४) लैगिक विभेदमा आधारित हिसाका घट्नाहरु अभिलेखिकरण र विश्लेषण गर्ने र हिंसा पिडितका समस्याको उचित सम्बोधन गरिनेछ ।

५) न्यायिक समितिलाई लैंगिक हिंसा भित्रको संवेदनशीलतालाई व्यवस्थापन गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ

६) बहुसरोकारवाला बिबाद समाधान गर्नका लागि न्यायिक समिति तथा सरोकारवाला बीचको संवाद मार्फत समाधान गर्न आवश्यक ब्यवस्था गरिनेछ ।

**महिला, बालबालिका तथा सामाजिक समाबेशीकरण**

१) महिला शसक्तिकरणका लागि  मानव वेचविखन, घरेलु हिंसा, बहुबिबाह, नेतृत्व बिकास, लैंगिक हिंसा तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम, तथा महिला लक्षित आयआर्जन, शिपमूलक कार्यक्रमहरु सञ्चालन गरि महिलालाई आत्म निर्भर बन्न प्रोत्साहन गरिनेछ ।

२) महिलाद्धारा सञ्चालित सहकारीहरुलाई महिला लक्षित आयआर्जन कार्यक्रम सञ्चालनमा बिशेष प्रोत्साहन गरिनेछ ।

३) ईन्द्रावती गाउँपालिकालाई बालमैत्री पालिका बनाउन आवश्यक ब्यवस्था गरिनेछ ।

४) वालविवाह, वालश्रम, वालदासत्व विरुद्ध कार्यक्रमहरु वाल संजाल, वाल संरक्षण समिति र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।

५) माझी र दनुवार समुदायमा रहेको वाल विवाह न्यूनिकरण गर्न २० वर्ष सम्म विवाह नगरेका र +२ पास गरेका यूवतिहरुलाई वार्षिक प्रोत्साहन स्वरुप रकम दिन चेलि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

६) वालमैत्री उद्यान तथा बाल मानोरञ्जन स्थल, पार्क निर्माण गर्ने गरी वजेटको सुनिश्चिता गरिने छ ।

७) सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरी सवैले बितरण भएका परिचय पत्र अद्यावधिक गरिनेछ ।

८) अपाङ्गता सहायता सामग्री बितरणलाई निरन्तरता दिइनेछ ।

९) अपाङ्गता भएका ब्यक्तिहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई विभिन्न तालिम, सचेतना, अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) जेष्ठ नागरिकहरुको विषेश आवश्यकता र भावनालाई कदर गरी सम्मानित एवं सुरक्षित जीवनयापनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

११) आमा बुवा दिवा सेवा केन्द्र सञ्चालन तथा वृद्धाश्रमलाई सहयोग गर्ने नीति लिइनेछ र जेष्ठ नागरिक सीप हस्तान्तरण तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ १२.उपाध्यक्षसँग समृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१२) युवा उमेरमै पतिको मृत्यु भइ एकल भएका तर नावालक छोराछोरीको र परिवारको पालन पोषण स्याहार सुसार हेरचाह गरेर अर्को बिबाह नगरी बसेका महिलाहरुलाई प्रोत्साहन गर्दै पालिकाको बिशेष समारोहमा नगद पुरस्कारद्धारा पुरस्कृत गरिनेछ ।

**आदिवासी जनजाति दलित तथा उत्पीडित अल्पसंख्यक जाती उत्थान**

१) आदिवासी सिमान्तकृत, दलित तथा उत्पीडित अल्पसंख्यक जातिको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गरिनेछ । उनिहरुको आर्थिक अवस्था सुधार गर्न सीप विकास तथा आयमूलक कार्यक्रमहरुमा पहुंच बृद्धि गरिनेछ ।

२) आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बद्र्धन गरिनेछ ।

३) दलित समुदायको अवस्था पहिचान गरि कार्यक्रम सञ्चालन गर्नका लागि दलित प्रोफायल तयार गरिनेछ ।

४) आदिवासी जनजाति तथा दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई संरक्षण गरिनेछ ।

५) अन्तरजातीय बिबाह गरेका दम्पत्तीलाई नगद सहित सम्मान गरिने छ ।

६) दलित समुदायको आर्थिक, सामाजिक तथा राजनैतिक सशक्तिकरण सुनिश्चित गर्न आगामी दशकलाई दलित सशक्तिकरण दशक घोषणा गरी जातीय बिभेद तथा छुवाछुत मुक्त ईन्द्रावती गाउँपालिका घोषण अभियान सञ्चालन गरिनेछ ।

**साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता**

१) साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्बर्द्धनको कार्यलाई निरन्तरता दिईनेछ ।

२) सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा सहयोग गरिनेछ ।

३) विभिन्न विद्यालयहरु मार्फत साहित्यिक गतिविधिहरु सञ्चालन गरिनेछ ।

४) मातृ भाषामा पालिकास्तरीय प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५) आदिबासी, जनजाती, लोपोन्मुख तथा अल्पसंख्यक जातिको भाषा, धर्म, संस्कृतिको खोज, अध्ययन, अन्वेषण गरी भाषा संस्कृतिको जगेर्ना गर्न आवश्यक व्यवस्था गरिनेछ ।

**मानव संसाधन विकास**

१) कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२) उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखीकरण सञ्चालनलाई निरन्तरता दिईनेछ ।

३) कर्मचारीहरुको मनोबल उच्च राख्न तालिम, अध्ययन अबलोकन भ्रमण र उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरिनेछ ।

**गैर सरकारी संस्था/उपभोक्ता समिति**

१) गैर सरकारी संस्थाहरुको परिचालन र समन्वयमा गर्न सकिने सामाजिक परिचालन, तालिम, क्षमता विकास जस्ता कार्यक्रमहरु दुवै पक्षको सह लगानीमा गर्न सकिने गरि नीतिगत व्यवस्था गरिनेछ ।

२) गाउँपालिका क्षेत्रमा कार्यरत रहेका गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन नियमन प्रभावकारी बनाइनेछ ।

३) आयोजना सचांलन सम्बन्धमा उपभोक्ता समितिलाई अनुशिक्षण तथा प्रशिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

४) गैर सरकारी संघ संस्थाले आआफ्नो स्वीकृत कार्यक्रम सञ्चालन गर्दा पालिका तथा वडा स्तरसम्म समन्वय गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**आन्तरिक स्रोत परिचालन सम्बन्धि**

१) कर संकलन कार्यलाई प्रभावकारी बनाउन वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ । करको दायरा फराकिलो गर्न करदाताको लगत संकलन तथा अद्यावधी गर्ने कार्यलाइ प्रभावकारी बनाइनेछ ।
२) करका दायराहरु फराकिलो पार्न नया स्रोतहरुको पहिचान गरिनेछ । राजश्व सुधार योजनालाइ प्रभावकारी बनाइनेछ ।
३) उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।

**अनुगमन तथा सुपरीवेक्षण**

१) अनुगमन प्रणालीलाई छिटो छरितो तथा सूचकमा आधारित प्रभावकारी वनाइनेछ ।
२) नतिजामा आधारित अनुगमन प्रणालीको मर्मअनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।
३) गाउपालिका क्षेत्र भित्र अन्य निकायहरुवाट संचालित आयोजना तथा कार्यक्रमको गाउँपालिका स्तरीय अनुगमन सुरपरीवेक्षण समितिवाट हुनेछ । अनुगमन तथा सुपरिवेक्षणमा देखिएका कमी कमजोरीहरु सुधार गर्नको लागि सम्वधित निकाय समक्ष अनुरोध गर्ने र अनुगमनको प्रतिवेदन गाउँकार्यपालिमा पेश गर्ने गरि परिचालन गरिनेछ ।
४) बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

**संगठन तथा सुशासन**

१) गाउपालिकामा कार्यरत सबै कर्मचारीहरुलाइको क्षमता विकास गरिनेछ ।
२) उच्च स्तरको कार्यसम्पादनमा रहेका कर्मचारीहरुलाइ पुरस्कार तथा सम्मान गरिनेछ।
३) गाउँपालिकाद्धारा तयार भइ अघिल्लो गाउँसभाबाट स्वीकृत भएको भएको व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदनलाई स्वीकृत गराइ सो अनुसारको दरवन्दी पदपुर्ति प्रकृयालाई अगाढी वढाइनेछ ।
४) पालिका भित्र मानव अधिकारको सुनिश्चतता प्रदान गर्दै मानव अधिकारको र्रक्षामा बिशेष ध्यान दिइनेछ ।

**सभाका सद्स्यज्युहरु,**

प्रस्तुत नीति कार्यक्रमबाट ईन्द्रावती गाउपालिकाको आर्थिक, सामाजिक, भौतिक तथा मानविय क्षमता विकासका गतिविधि सम्पादन गरि ईन्द्रावती गाउपालिकालाई सक्षम र समृद्ध वनाउदै लाने विश्वास लिएको छु । हामीले सम्मृद्ध ईन्द्रावती बनाउने लक्ष्यका साथ शुरु गरेको यस वर्षको कार्यक्रमले पक्कै पनि ठोस परिणाम दिनेछ भन्नेमा म विश्वस्त छु । ईन्द्रावती गाउँपालिकाको संमृद्धिका लागि सहयोग र सद्भाव राख्नु हुने नेपाल सरकार, बागमती प्रदेश सरकार, यस क्षेत्रका आम नागरिक, नीजि क्षेत्र, सरकारी तथा गैह्र सरकारी क्षेत्र, सामुदायिक संस्था, सञ्चारकर्मी लगायतप्रति हार्दिक आभार व्यक्त गर्दछु । कार्यक्रम तथा बजेट कार्यान्वयनमा सम्बन्धित सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममाः मार्गनिर्देश गर्नु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरुमा आभार प्रकट गर्दछु ।साथै सुझाव तथा सल्लाह प्रदान गर्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा अन्य सरोकारवाला महानुभावहरु सबैप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

**अन्तमा,**

नीति, कार्यक्रम तथा बजेटले आर्थिक, सामाजिक विकासका अनेकौं सम्भावनाका ढोकाहरु पहिल्याएको सन्दर्भमा सबै एकताबद्ध भयौं भने हाम्रै पालामा समृद्ध ईन्द्रावती सम्भव छ । यस अभियानमा सबैको सकारात्मक सल्लाह, सुझाब तथा सहयोगको अपेक्षा लागि हार्दिक अपिल गर्दछु । धन्यवाद !

झम्कनाथ नेपाल
सभाअध्यक्ष, गाउँसभाको १० औ अधिबेशन
मिति :२०८३ असार १० गते रोज ४ शुभम्